श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नं. ५

माननीय न्यायाधीश श्री मुनेन्द्रप्रसाद अवस्थी

माननीय न्यायाधीश श्री चन्द्रमणी ज्ञवाली

<u>आदेश</u>

र.नं. ०७-०८१-०८९८३

निवेदन नं.-०८१-WO-२५९३

विषयः परमादेश।

निर्णय नंः- २५

वाणिज्य धनुषा जिल्ला नगराईन नगरपालिका वडा नं.२ मा घर भई हाल ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. १ मा बस्ने र त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा रहेको नेपाल ल क्याम्पसमा संचालित ५ वर्षे Bachelor of Arts, and Bachelor of Laws (B.A.LL.B.) को छैठौं सेमेष्टरमा अध्ययनरत वर्ष २१ को कानूनको विद्यार्थी विवेक चौधरी----------१ **निवेदक**

विरुद्ध

नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय, दरबारमार्ग काठमाडौं नेपाल----------१

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सिंहदरबार, काठमाडौं--------१ **विपक्षी**

नेपालको संविधानको धारा ४६/१४४ र न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छः

तथ्य खण्ड

१. **निवेदन माग दावीः** म निवेदक कानूनको बिधार्थी विवेक चौधरी हाल जिल्ला ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका, वडा नं. १ मा बसोबास गर्दै आएको र त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा रहेको नेपाल ल क्याम्पसमा संचालित ५ वर्षे Bachelor of Arts, and Bachelor of Laws (B.A. LL.B.) को छैटौ सेमेष्टरमा अध्ययनरत कानूनको विद्यार्थी हुँ। मिति २०८१।११।१७ गते बिहान ७ बजेदेखि दिउँसो २ बजेसम्म ललितपुर महानगरपालिका, वडा नं. १, इमाडोल क्षेत्रमा विद्युत आपूर्ति पूर्ण रूपमा अवरुद्ध

भयो। यस घटनाको सम्बन्धमा कुनै पनि पूर्व सूचना, सन्देश वा सूचना प्रणालीको प्रयोग गरी जानकारी गराइएन। यस्तो कार्य विद्युत आपूर्ति निकायको घोर असावधानी, लापरबाही र उपभोक्ताप्रति गम्भीरताको अभावको स्पष्ट सूचक हो भनी मैले बुझेको छु। संविधानमा उपभोक्तालाई प्रदान गरिएको सूचना प्राप्त गर्ने मौलिक हक (धारा २७) को यसरी कुनै जानकारी बिना विद्युत आपूर्ति अवरुद्ध गर्नु प्रत्यक्ष उल्लङ्घन हो। यस घटनाका क्रममा ९८५१३३५३०४ नम्बरमा सम्पर्क गर्न खोज्दा फोन बन्द रहेको पाइयो। जसले गर्दा समस्या झनै जटिल बन्यो। उक्त दिन विद्युत आपूर्ति पूर्ण रूपमा अवरुद्ध भएका कारण मैले कार्यालयको महत्वपूर्ण काम समेत गर्न सकिनँ। यो समस्या सोही एक दिनमा मात्र सीमित छैन। विद्युत अवरुद्ध हुने कार्य बारम्बार दोहोरिने गरेको छ। सो विषयमा म निवेदक विपक्षी कार्यालय नं. १ मा एसएमएस (SMS) प्रणाली सम्बन्धी माग पत्रको निवेदन लिएर गएकोमा सो निवेदन विपक्षी कार्यालयद्वारा दर्ता गरिएन। र किन दर्ता नगरिएको भन्ने कुनै जानकारी समेत दिइएन। निवेदन दर्ता नहुँदा म निवेदकले विपक्षी कार्यालयको आधिकारिक इमेलमार्फत गुनासो पेश गर्दै आफ्ना मागहरू पुनः राखें। यसरी म निवेदकले वैकल्पिक उपचारको उपायहरू अपनाउन खोजे तापनि मेरो माग सम्बोधन हुन सकेन र कार्यालयबाट कुनै पनि प्रतिक्रिया प्राप्त भएन। तसर्थ, विधिको शासन, मौलिक अधिकारको रक्षा र जनहित सुनिश्चित गर्न, उपभोक्तालाई विद्युत आपूर्ति अवरुद्ध हुने अवस्थामा एसएमएस (SMS) वा अन्य प्रभावकारी माध्यमद्वारा समयमै सूचना प्रदान गर्ने अनिवार्य व्यवस्था मिलाई एसएमएस (SMS) प्रणाली तत्काल कार्यान्वयनमा गर्न गराउन र सो लगायत उपभोक्ताहरुको हितमा हुने अन्य आवश्यक प्रणाली तथा उपायहरूसमेत अवलम्बन गर्न गराउन विपक्षीहरुको नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको निवेदन माग दावी।

२. **यस अदालतबाट मिति २०८२।०२।२६ मा भएको आदेशः** यसमा, के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो सबुद प्रमाणसहित म्याद सूचना तामेल भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १ लाई आफै वा कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखितजवाफ पेश गर्नु भनी आदेश र निवेदनपत्रको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी रितपूर्वक तामेल गराई लिखितजवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार गर्नुहोला भन्ने व्यहोराको यस अदालतबाट मिति २०८२।०२।२६ मा भएको आदेश।

३. **नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय रत्नपार्क, काठमाण्डौको तर्फबाट लिखितजवाफः** प्राधिकरण कानूनबमोजिम गठित पूर्ण सरकारी स्वामित्व रहेको स्वायत्त संस्था हो। साथै यस संस्थाले आफू र आफूसंग सम्झौता गरी उत्पादन गरेको विद्युतलाई प्रत्येक ग्राहकको घर घरमा पुऱ्याउने कार्यमार्फत आफ्नो व्यवसायिक कार्य गर्दै आएको छ। प्राधिकरण सेवा मुलक व्यवसाय हो। यसरी व्यवसाय गर्ने संस्था सधै आफ्ना ग्राहकको अधिकतम हितको

विषयमा सचेत रहेको हुन्छ/छ। प्राधिकरणले आफ्नो कावुभित्रको कारणले लामो समय विद्युत आपूर्ति अवरुद्द हुने विषय SMS मार्फत नभए पनि समाचार, सार्वजनिक सूचना, रेडियो, पत्रिका, अनलाईन मिडिया, प्राधिकरणको अफिसयल वनेसाईटमार्फत गराउने गरेकै छ। आफ्नो काबु बाहिरको परिस्थितिबस आकस्मिक रुपमा पोल लडेकोले तार चुडिएको कारण विद्युत आपुर्ती अवरुद्द हुने पूर्व सूचना/जानकारी स्वयम् प्रत्यर्थी प्राधिकरणलाई पनि हुन नसक्ने अवस्थाको पूर्व सूचना ग्राहकलाई दिन सकिने हुँदैन। निवेदकले माग गरेको SMS प्रणालीबाट पूर्व सूचना दिने विषय प्राधिकरणले क्रमिक रुपमा गर्दै जाने व्यवस्थापनको विषय भएको र प्राधिकरण आफैं आफ्नो ग्राहकलाई अत्याधुनिक प्रविधिमार्फत विद्युत आपुर्ति अवरुद्धको पूर्व सूचना दिन दिलाउन प्रयत्नरत रहेको हुँदा विपक्षी निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको विपक्षी नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय, रत्नपार्क, काठमाण्डौको तर्फबाट लिखितजवाफ।

आदेश खण्ड

४. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनसहितको मिसिल अध्ययन गरी निवेदक विवेक चौधरीले विपक्षी नेपाल विद्युत प्राधिकरणले पूर्व सूचना नै नदिई आफूखूसी विद्युत अवरुद्ध गरेको र उक्त कार्यले आफू लगायत अन्य नागरिकहरुको समेत संविधान तथा कानून प्रदत्त हक अधिकारमा प्रत्यक्ष असर पारेको हुँदा रिट जारी गरी पाउँ भनी बहस गर्नुभयो।

५. यसै गरी विपक्षी नेपाल विद्युत प्रतिकरण केन्द्रीय कार्यालय समेतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री राजकुमार पोखरेल र श्री नरेश मैनालीले निवेदकले निवेदनमा उजागर गरेको विषय प्राधिकरणको नितान्त आन्तरिक व्यवस्थापनसंग सम्वन्धित विषय रहेको र प्राधिकरण क्रमिक रुपमा उपभोक्ताहरुलाई विद्युत कटौती सम्वन्धमा यथासक्य चाँडो सूचना दिन व्यवस्थापकीय कार्य गर्न तत्पर रहेको हुँदा विपक्षी निवेदकको औचित्यहिन रिट निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

६. उपर्युक्त मिसिल संलग्न रहेको निवेदन, लिखितजवाफ तथा बहस समेत सुनी मुद्दाको तथ्य अध्ययन गरी हेर्दा, प्रस्तुत रिट निवेदनमा निवेदकहरुको माग बमोजिमको परमादेश लगायतका अन्य आदेश समेत जारी गर्नुपर्ने हो होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

७. निर्णयतर्फ विचार गर्दा, विपक्षी नेपाल विद्युत प्राधिकरणले नागरिकलाई पूर्व सूचना नै नदिई आफूखुसी विद्युत कटौती गरेको र उक्त कार्यले आफूसहित अन्य नागरिकहरु समेत प्रभावित भएको हुँदा विद्युत कटौती गर्नुपूर्व उपभोक्ताहरुलाई एसएमएस लगायत अन्य प्रविधिहरुबाट सूचना दिने व्यवस्था मिलाउनु भनी विपक्षीहरुको नाउँमा परमादेश लगायत आवश्यक उपयुक्त आदेश जारी गरी पाउँ भनी जिकिर लिएको देखिन्छ। विपक्षीहरुले लिखितजवाफ पेश गर्दा यदि प्राधिकिरणबाट विद्युत कटौती गर्नुपर्ने भएमा तालिका प्रकाशन गरी पूर्व सूचित गर्ने गरिएको, काबु बाहिरको अवस्थामा भने सूचना दिन नसकिएको र विद्युत कटौती तथा

अवरुद्ध भएको विषयमा प्राधिकरणको विद्यमान स्रोत साधन अनुसार उपभोगक्तालाई यथासक्दो चाँडो सूचित गराउने व्यवस्थापकीय कार्य गर्न प्राधिकरण तत्पर रहेकोले रिट निवेदनको औचित्य नै नरहेको हुँदा खारेज गरी पाउँ भनी जिकिर लिएको देखिन्छ।

८. उपर्युक्त तथ्य विद्यमान रहेको प्रस्तुत रिट निवेदनमा **"परमादेश"** को सैद्धान्तिक अवधारणालाई विवेचना गर्नु वाञ्छनीय देखिन आउँछ। सिद्धान्ततः **परमादेश** विस्तृत उपचारको स्वभाव भएको उच्चस्तरीय विशेषाधिकार सम्पन्न अदालतको आदेश हो र यो उच्चतम अदालतबाट कुनै व्यक्ति) न्यायिक निकाय-अर्ध ,निगम वा मातहत वा तल्लो अड्डा वा अदालत ,tribunal) को नाउँमा जारी गरिने आदेश हो। यसले त्यस्ता व्यक्तिवा अड्डा अदालतलाई सो ,निगम , रिटमा उल्लिखित खास खास काम जुन निजहरुको पदसंग सम्बन्धित छ वा सार्वजनिक गर्न आदेश दिन्छ। यस्तो आदेश जारी गर्नुको उद्देश्य न्यायको त्रुटिलाई सुधार्नु ,प्रकृतिको छ त ,हो र यसैले जहाँ खास कानूनी अधिकार तोकिएको छर सो अधिकार लागू गर्न विशेष कानूनी उपचार छैन (no specific legal remedy for enforcing the right) भने त्यहाँ न्याय गर्न सकिन्छ कि भन्ने उद्देश्यका लागि सधैं जारी हुन्छ। साथै, अर्को कानूनी उपचारको बाटो छकम प्रभाव ,कम लाभदायक ,तर सो उपचारको बाटो कम सुविधाजनक ,शाली छ भनेपनि परमादेशको आदेश जारी हुन सक्छ। (The order of Mandamus is of most extensive remedial (in) nature, and is, in form, a command issuing from High Court of Justice, directed to any person, corporation or inferior tribunal requiring him or them to do a particular thing therein specified which appertains to his or their office and is in the nature of public duty. Its purpose is to remedy the defects of justice, and accordingly it will issue to the end that justice may be done, in all cases where there is a specific legal right and no specific legal remedy for enforcing the right and it may issue in cases where although there is an alternative legal remedy yet the mode of redress is less convenient, beneficial and effectual.[1]) व्यक्तिका संविधान र कानूनद्धारा प्रदत्त हक अधिकारहरू कार्यान्वयन गर्नुपर्ने राज्यका सवै निकाय र अधिकारीको दायित्व हुन्छ। कानूनी अधिकार प्राप्त अधिकारीले आफ्नो कानूनी कर्तव्य पूरा नगर्ने,बदनियत राखेर कार्य गर्ने , काममा ढिलासुस्ती गर्ने वा आनाकानी गर्ने वा इन्कार गर्ने गर्न मिल्दैन। यसबाट कानूनी शासनको हरण हुन जान्छ। संवैधानिक वा कानूनी निकाय वा अधिकारीले संविधान वा कानूनद्धारा तोकिएको आफ्नो कर्तव्य पूरा नगरेमा वा बदनियत राखेर काम गरेमा वा ढीलासुस्ती गरेमा वा आनाकानी गरेमा वा पूरा गर्न इन्कार गरेमा त्यस्तो कर्तव्य पालना गराउन अदालतबाट जारी गरिने आदेश परमादेश हो। व्यक्तिका संविधान र कानूनप्रदत्त हक अधिकारहरु प्रचलन गराउनका लागि यो आदेश जारी गरिन्छ। राज्यसंग रहने अपारशक्तिको अगाडि व्यक्ति जहिलेपनि निरीह र कमजोर रहने भएकोले अदालतले राज्यको निकायले गरेको शक्तिको

[1] **Halsbury's Laws of England, 4th ed., vol.1, para 89, p.111.**

दुरुपयोग रोकी व्यक्तिका हक अधिकारहरु संरक्षण गर्नका लागि यो विशेषाधिकार सम्पन्न रिट जारी गर्ने अधिकार प्राप्त गरेको हुन्छ। यो अधिकारको प्रयोगबाट अदालतले कानूनी शासन कायम राख्रेसंविधानको संरक्षण गर्ने र व्यक्तिका हक अधिकारहरुको प्रचलन , गराउने काम गर्दछ। कुनै व्यक्तिले आफ्नो हक अधिकारको उलंघन भयो वा कुण्ठित भयो भनेर अदालतमा आउँदा सफा हात लिएर अदालत आउनुका साथै सो कुरा पुष्टि हुने प्रमाणहरु पेश गर्नु पर्दछ भने जुन व्यक्ति वा निकाय वा पदाधिकारी विरुद्ध आरोप लागेको छ निजले पनि सो आरोप खण्डन हुने प्रमाण पेश गर्न सक्नु पर्दछ। पेश भएका प्रमाणहरुद्वारा निवेदकको हक अधिकारमा असर परेको देखिएमा अदालतले परमादेश समेतको आदेशद्वारा निवेदकको हक अधिकार संरक्षण गर्नुपर्दछ। अन्यथा परमादेशको रिट जारी हुन सक्दैन।

९. उल्लिखित तथ्य तथा सैद्धान्तिक अवधारणाको रोहबाट प्रस्तुत रिट निवेदनतर्फ हेर्दा सेवा प्रादायक संस्थाले उपभोक्ताालाई आफ्नो क्षमता अनुसार सेवा प्रदान गर्ने गर्दछ। सेवाग्राहीको हक हितलाई मध्यनजर गरी सेवा प्रवाहका रणनीति अवलम्बन गर्नु त्यस्ता संस्थाको दायित्व हुन्छ। संस्थाको क्षमताभन्दा बाहिर गई कुनै व्यक्ति विशेषले माग गरेको विषयमा उपचार प्रदान गर्न संस्था जिम्मेवार हुँदैन। प्रस्तुत रिट निवेदनमा निवेदकले विपक्षीहरुबाट विद्युत कटौती गर्दा पूर्व सूचना नै नदिई आफूखुसी विद्युत कटौती गर्ने गरेको कारण आफूसहित अन्य नागरिकहरु समेत प्रभावित हुन पुगेको भनी प्रस्तुत निवेदन सार्वजनिक सरोकारको विषय रहेको भनी जिकिर लिएको देखिन्छ। *तथापि निजले प्रस्तुत रिट दायर गर्नुपूर्व सार्वजनिक सरोकारको विषय हो भनी पुष्टि हुने गरी सम्वन्धित निकायबाट अनुमति लिएको देखिँदैन।* विपक्षीहरुको लिखितजवाफमा नेपाल विद्युत प्राधिकरणले विद्युत कटौती गर्नु परेमा पूर्व सूचना दिने गरेको, काबु बाहिरको परिस्थितिमा भने सूचना दिन नसकेको र आगामी दिनहरुमा त्यस्ता विषयमा उपभोक्ताालाई सूचित गर्ने व्यवस्था क्रमिक रुपमा विकास गर्दै लैजान प्राधिकरण तयार रहेको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। साथै निवेदकको माग बमोजिम एसएमएस लगायतको माध्यमबाट उपभोक्ताहरुलाई पूर्व सूचित गराउने जस्ता कार्य प्राधिकरणको आन्तरिक व्यवस्थापनको विषय भएको देखिएको परिप्रेक्ष्यमा निवेदकको माग बमोजिम रिट जारी हुन सक्ने वा जारी गर्नै पर्नेसम्मको अवस्थाको विद्यमानता देखिन आएन।

१०. अतः निवेदकले माग गरेको विषय प्रत्यर्थी प्राधिकरणको आन्तरिक व्यवस्थापनको विषय भएको र निवेदकले सार्वजनिक सरोकारको विषयमा अनुमति लिई निवेदन दर्ता गरेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

तपसिल

- सरोकारवालाले प्रस्तुत आदेशको प्रतिलिपि माग गरे उच्च अदालत नियमावली, २०७३ को नियम १२० बमोजिम प्रतिलिपि दिनू।

- आदेश प्रमाणीकरण भएपछि सोको विवरण यस अदालतको सूचना पाटी र वेभसाइटमा समेत प्रकाशन गर्नू।
- प्रस्तुत आदेशको विद्युतीय प्रति सूचना प्रविधि प्रणालीमा प्रविष्ट गरी सोको निस्सा आदेशको पीठमा जनाउनू।
- प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(मुनेन्द्रप्रसाद अवस्थी)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(चन्द्रमणि ज्ञवाली)
न्यायाधीश

<u>फैसला तयार गर्न सहयोग गर्ने</u>

इजलास अधिकृतः- उदयराम नापित
कम्प्यूटर अपरेटरः- नवीन चौहान
इति सम्वत् २०८२ साल श्रावण महिना २६ गते रोज २ शुभम्.....।

प्रमाणीकरण मितिः२०८२।५।७ अदालतको छाप